मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख २४ गते बिहीबार ❑ 7 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## पन्ध्रबुँदे घोषणापत्र जारी गर्दै माछापुच्छ्रे सम्वाद सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

अन्नपूर्ण जलवायु सम्मेलनअन्तर्गत पोखरामा सम्पन्न जलवायु परिवर्तन र हिमालसम्बन्धी दुईदिने माछापुच्छ्रे संवाद १५ बुँदे 'माछापुच्छ्रे घोषणापत्र -२०८३' जारी गर्दै शनिबार सम्पन्न भएको छ।





वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेश, पोखरा महानगरपालिका, माछापुच्छ्रे र अन्नपूर्ण गाउँपालिकासहित विभिन्न सङ्घसंस्थाहरूद्वारा संयुक्त रुपमा आयोजित 'माछापुच्छ्रे संवाद' कार्यक्रमपश्चात् आज घोषणापत्र जारी गरिएको हो। सो घोषणापत्रमा जलवायु परिवर्तनको जोखिम न्यूनीकरण र अनुकूलनका लागि साझा प्रतिबद्धता व्यक्त गरिएका छन्। जलवायुजन्य प्रकोपको जोखिममा रहेको गण्डकी प्रदेशको पर्यावरण र समुदायको उत्थानशीलता अभिवृद्धि गर्न सबै क्षेत्रबाट पहल गर्ने उल्लेख गर्दै घोषणापत्रमा वन क्षेत्रले कार्बन सञ्चिति र उत्सर्जन न्यूनीकरणमा खेलेको भूमिकालाई स्वीकार गर्दै वन संवर्द्धन प्रणालीमा आधारित व्यवस्थापनमार्फत वातावरणीय सेवाको निरन्तरता सुनिश्चित गर्ने जनाइएको छ। कृषि र वन क्षेत्रमा रहेका अवशेष, पातपतिङ्गर र मिचाहा प्रजातिलाई बायोचार र बायोकम्पोष्टमा उपयोग गर्दै वन डढेलो न्यूनीकरण र माटोको उर्वरा शक्ति बढाउने कार्यक्रमलाई प्रोत्साहन गर्ने सहमति गरिएको छ। हिमालय पर्वत शृङ्खलामा भइरहेका शृङ्खलाबद्ध प्रकोपका कारण हुने विपद् जोखिम न्यूनीकरण गर्न मौसम सूचना केन्द्र र पूर्वसूचना प्रणालीको विस्तारमा जोड दिइएको छ। जलवायु परिवर्तनका असरबारे सुसूचित समुदाय निर्माण गर्न विद्यालयस्तरको पाठ्यक्रम विकास र तथ्याङ्क अभिलेखीकरणमा ऐक्यबद्धता जनाइएको छ। जलवायु उत्थानशीलताका लागि आदिवासी, जनजाति एवं स्थानीय समुदायको परम्परागत ज्ञान, सीप र अभ्यासलाई वैज्ञानिक प्रविधिसँग जोड्दै सम्मान र संरक्षण गर्ने घोषणपत्रमा प्रतिबद्धता व्यक्त गरिएको छ।

वातावरणमैत्री भू-उपयोग, प्रकृतिमा आधारित पर्यटन, र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सहअस्तित्वको अभ्यासलाई प्रोत्साहन गर्ने विषयलाई प्राथमिकता दिइएको छ। घोषणापत्रमा २०६९ साल वैशाख २३ गते सेती नदीमा आएको विनाशकारी बाढीको स्मरण गर्दै जलवायु परिवर्तनबाट उत्पन्न जोखिमको अध्ययन र अनुसन्धानका लागि 'अन्नपूर्ण जलवायु विपद् स्मृति केन्द्र' (एबीसीडी) स्थापना गर्न आह्वान गरिएको छ। जलवायु परिवर्तनका सङ्कटासन्नतालाई सम्बोधन गर्न तीनै तहका सरकारको समन्वयमा शैक्षिक एवं अनुसन्धान संस्था, संरक्षण साझेदार र निजी क्षेत्रबीचको सहकार्यलाई बढावा दिन प्रतिबद्धता व्यक्त गरिएको छ। सम्मेलनमा गण्डकी प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटा, वन तथा वातावरण मन्त्रालय जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका सहसचिव डा महेश्वर ढकाललगायत विभिन्न विषयसम्बद्ध विज्ञहरूले विभिन्न विषयमा कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो।

## किसानको मागअनुसार अनुदानमा धानको बीउ उपलब्ध गराउन सकिँदैन : पोखरा महानगर

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

पोखरा महानगरपालिकाले किसानलाई यस वर्ष सात हजार ५०० किलोग्राम धानको बीउ वितरण गर्ने भएको छ।

किसानहरूबाट माग सङ्कलन गरेको महानगरपालिकाले उनीहरूलाई ५० प्रतिशत अनुदानमा धानको बीउ उपलब्ध गराउन लागेको कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो। महानगरभित्रका एक हजार बढी किसानहरूबाट २१ हजार किलोग्राम धानको बीउ माग भएको जनाउँदै उहाँले मागअनुसारको बीउ भने उपलब्ध गराउन नसकिएको बताउनुभयो। उहाँका अनुसार पोखरामा अत्यधिक रूपमा पोखरेली जेठो बुढोको माग हुने गरेको छ। महानगरपालिकाले वितरण गर्न लागेको मध्ये दुई हजार किलो राम धान र अन्य पोखरेली जेठो बुढोको बीउ भएको उहाँले जानकारी दिनुभयो। महानगरपालिकाले यहीँका किसानबाट प्रतिकिलो दुई सय रुपैयाँमा धानको बीउ किनेर ५० प्रतिशत अनुदानमा एक सय रुपैयाँमा उपलब्ध गराउने गरेको छ। किसानलाई धानको बीउ उत्पादनका लागि प्रोत्साहन गरिँदै आएको जानकारी दिँदै कडरियाले महानगरभित्र वडा नं १३, २३, २६, २९, ३० लगायतका किसानले बीउ उत्पादन गरिरहेको जानकारी दिनुभयो। महानगरपालिकाले स्थानीय अनदी, पहेँलेजस्ता धानको संरक्षणका लागि जैविक स्रोत संरक्षण अभियानमार्फत उत्पादित धानको बीउ ल्याएर किसानलाई उपलब्ध गराउने गरिएको पनि शाखाका प्रमुख कडरियाले जानकारी दिनुभयो।

## चुँदीरम्घालाई साहित्यिक पर्यटनको केन्द्र बनाइने

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ बैशाख

यहाँको भानु नगरपालिका-४ चुँदीरम्घालाई सप्तधामका रुपमा विकास गरी साहित्यिक पर्यटनको केन्द्र बनाइने भएको छ।

सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक रवीन्द्र बोहराले सो स्थानमा भानु साहित्य उद्यान निर्माणका लागि चालु आर्थिक वर्षमा २० करोड रुपैयाँ बजेट विनियोजन गरी काम सुरु गरिएको जानकारी दिनुभयो।

उद्यान निर्माणका लागि बोलपत्र आह्वान गरी मूल्याङ्कन भइरहेको र पहिलो चरणको काम यसै आर्थिक वर्षमा सम्पन्न गरिने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "आगामी वर्षका लागि पहुँच मार्ग निर्माण, भानुघर निर्माणका लागि बजेट प्रस्ताव गरिएको छ।" स्थानीय सन्देश आचार्यले उद्यानले यस क्षेत्रकै विकास हुने बताउनुभयो। उहाँले भन्नुभयो, "भानु साहित्य उद्यानले यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक र साहित्यिक उन्नयनका लागि ठूलो टेवा पुग्नेछ।" चुँदीरम्घाको उत्तरतर्फ रम्घाडाँडामा भानु भवन निर्माण गरिनेछ। सो भवन परम्परागत गोलघर शैलीमा निर्माण गरिने र उक्त घरमा भानुभक्त आचार्यका जीवनीको सम्पूर्ण पक्षलाई चित्राङ्कन गरी उहाँको जीवनी र स्मृतिसँग सम्बन्धित चित्रकृति राख्ने प्रस्ताव गरिएको छ। उक्त भवनको माथि ५४ फिट अग्लो पलैँटी मारेर बसेको आदिकवि भानुभक्त आचार्यको विशाल प्रतिमा निर्माण गरिनेछ। गुरुयोजनाअनुसार दक्षिण दिशामा विविध भाषा, साहित्यिक स्रष्टाको मूर्ति निर्माण गरिनेछ। मूर्तिबाटिकाको तल भानु साहित्यिक ग्राम, भानुबस्ती, भानु प्रज्ञाभवन, वनस्पति उद्यान, वनभोजस्थल र पार्किङ क्षेत्र निर्माण गरिने योजना रहेको छ। उद्यान निर्माण सम्पन्न गर्न करिब एक अर्ब रुपैयाँ बजेट अनुमान गरिएको छ। भानु नगरपालिका प्रमुख आनन्दराज त्रिपाठीले गुरुयोजना कार्यान्वयनका लागि ४३५ रोपनी जग्गा अधिग्रहण गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा भानुभक्तको आचार्यको विशिष्ट पहिचान छ, यो ठाउँलाई समय सन्दर्भअनुसारको सबै किसिमको धाम बनाउने परिकल्पना साथ अगाडि बढेका छौँ।" उद्यानका लागि हालसम्म एक करोड ८० लाख ४१ हजार ५०० खर्च भएको जनाइएको छ।

## संविधान संशोधन कार्यदलद्वारा पूर्वमहान्यायाधिवक्तासँग छलफल

**रासस**
काठमाडौं, २३ बैशाख

संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले बुधबार पूर्वमहान्यायाधिवक्ता तथा कानुन क्षेत्रका विज्ञहरूसँग परामर्श गरेको छ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उक्त छलफल गरेको हो। छलफलमा सहभागी पूर्वमहान्यायाधिवक्ताहरूले शासकीय स्वरुप, निर्वाचन प्रणाली, सङ्घीय संरचना, न्यायपालिकाको पुनःसंरचना, संवैधानिक निकायको सङ्ख्या तथा समावेशितालगायत विषयमा आ-आफ्ना सुझाव प्रस्तुत गर्नुभएको थियो। पूर्वमहान्यायाधिवक्ता डा युवराज सङ्ग्रौलाले संविधान संशोधनको उद्देश्य र आवश्यकता स्पष्ट रूपमा परिभाषित गर्न कार्यदललाई सुझाव दिनुभयो। उहाँले स्थानीय तहलाई गैरदलीय बनाउने, प्रदेश प्रमुख प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गर्न सकिने तथा केही अन्तरराष्ट्रिय अभ्यास अध्ययन गर्नुपर्ने बताउनुभयो। पूर्वमहान्यायाधिवक्तासविताभण्डारीले संविधान वा कानुनभन्दा त्यसको कार्यान्वयन गर्ने सोच र आचरण महत्वपूर्ण हुने बताउनुभयो। उहाँले शासकीय स्वरुप परिवर्तन आवश्यक नरहेको धारणा राख्दै विज्ञसँगै सांसदलाई मन्त्री बन्न पाउने व्यवस्था उपयुक्त हुने उल्लेख गर्नुभयो। विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार दिने, प्रदेशको सङ्ख्या घटाउने तथा मन्त्रालयमा दोहोरोपन हटाएर गाभ्नुपर्ने राय पूर्वमहान्यायाधिवक्ता भण्डारीले व्यक्त गर्नुभयो। न

याय परिषद् तथा संसदीय सुनुवाइको संरचनामा पनि पुनर्विचार गर्न सकिने उहाँको भनाइ थियो। पूर्वमहान्यायाधिवक्ता रमनकुमार श्रेष्ठले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्ने धारणा राख्नुभयो। उहाँले सांसद मन्त्री बन्न नहुने, न्यायपालिकाको पुनसंरचना आवश्यक रहेको तथा संवैधानिक इजलासको औचित्यमाथि पुनर्विचार गर्नुपर्ने बताउनुभयो। पूर्वमहान्यायाधिवक्तामहादेवप्रसाद यादवले संविधान कार्यान्वयन, राज्य निर्माणमा नेतृत्वको चरित्र र नैतिकताको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो। उहाँले संवैधानिक आयोगको सङ्ख्या पुनरावलोकन गर्न सुझाव दिनुभयो।

पूर्वमहान्यायाधिवक्ता मुक्तिनारायण प्रधानले हाल प्राप्त अधिकारलाई संरक्षण गर्दै थप अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था, संसद्प्रति उत्तरदायित्व, न्यायपालिकाको पुनःसंरचना तथा उच्च अदालतलाई थप सुदृढ बनाउने विषयमा सुझाव प्रस्तुत गर्नुभयो। प्रदेशको सङ्ख्या घटाउनुको सट्टा प्रदेश संरचनालाई अझ प्रभावकारी बनाउनुपर्ने उहाँको धारणा थियो। पूर्वकानुन, न्याय तथा संसदीय मामिलामन्त्री तथा पूर्वमहान्यायाधिवक्ता अग्निप्रसाद खरेलले शासकीय स्वरुपबारे स्पष्ट राजनीतिक धारणा आवश्यक रहेको बताउनुभयो। उहाँले स्थानीय तहलाई थप शक्तिशाली बनाउनुपर्ने र समावेशितालाई संविधानको मूल आधारका रूपमा निरन्तरता दिनुपर्ने सुझाव दिनुभयो।

संविधानसभा सदस्य सुरेश आले मगरले पूर्ण समानुपातिक निर्वाचन प्रणालीको पक्षमा आफ्नो धारणा राख्नुभयो। उहाँले न्यायपालिकाको पुनसंरचना आवश्यक रहेको उल्लेख गर्दै संवैधानिक आयोगको सङ्ख्या मात्र घटाएर समस्या समाधान नहुने बताउनुभयो। संस्थाको प्रभावकारिता नेतृत्वरपदाधिकारीको इमान्दारितासँग जोडिने उहाँको भनाइ थियो। प्रतिनिधिसभा सदस्य परशुराम तामाङले अन्तरराष्ट्रिय सम्झौता, मधेसी, मुस्लिम तथा आदिवासी समुदायका सवाल संविधान संशोधनको बहसमा समेटिनुपर्ने बताउनुभयो। उहाँले स्थानीय तह र प्रदेशलाई प्रभावकारी बनाउन बाझिएका अनुसूची हटाउनुपर्ने, निर्वाचन प्रणालीमा दल, समुदाय र व्यक्तिको छनोट सुनिश्चित गर्ने व्यवस्थाको आवश्यकता तथा राष्ट्रियसभामा प्रतिनिधित्वको ढाँचा पुनरावलोकन गर्नुपर्ने सुझाव दिनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## उद्योग वाणिज्य महासंघको अध्यक्षमा श्रेष्ठ

**रासस**
काठमाडौं, २३ बैशाख

नेपाल उद्योग वाणिज्य महासङ्घको अध्यक्षमा अन्जन श्रेष्ठ चयन हुनुभएको छ। अघिल्लो कार्यकालका वरिष्ठ उपाध्यक्ष श्रेष्ठ महासङ्घको विधानअनुसार स्वतः अध्यक्ष पदमा चयन हुनुभएको हो।

महासङ्घको ६०औँ वार्षिक साधारणसभापछि सुरु निर्वाचन प्रक्रियाको मतगणना आज सम्पन्न भएको छ। निर्वाचनमार्फत विभिन्न समूहअन्तर्गत उपाध्यक्षसहित नयाँ कार्यसमिति चयन गरिएको छ। मुख्य निर्वाचन अधिकृत लीलामणि पौडेलका अनुसार जिल्ला तथा नगरतर्फका दुई उपाध्यक्ष पदमा कृष्णप्रसाद शर्मा र दिलसुन्दर श्रेष्ठ निर्वाचित हुनुभएको छ। त्यसैगरी वस्तुगत सङ्घतर्फको उपाध्यक्षमा नरेशलाल श्रेष्ठ निर्वाचित हुनुभएको छ। एसोसिएटतर्फको उपाध्यक्ष पदमा प्रबलजङ्ग पाण्डे विजयी हुनुभएको छ। नवनिर्वाचित नेतृत्वले निजी क्षेत्रको सुदृढीकरण, आर्थिक सुधार तथा व्यवसायमैत्री वातावरण निर्माणमा जोड दिने अपेक्षा गरिएको छ। वरिष्ठ उपाध्यक्ष स्वतः अर्को महाधिवेशनबाट अध्यक्ष हुने प्रावधान यसपटक नै अन्तिम रहेको र आगामी महाधिवेशनमा अध्यक्ष पदका लागि निर्वाचन हुने जनाइएको छ।

# कृषि उत्पादन सामग्री तथा कृषि यान्त्रिकरण सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा अर्न्तगत कृषि विकास शाखाको आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार भावना सामुदायिक कृषि सहकारी संस्था र वडा स्तरिय कृषि संजाल १८ को साझेदारीमा पोखरा १८ का कृषकहरूलाई कृषि उत्पादन सामग्री तथा कृषि यान्त्रिकरण सहयोग अर्न्तगत आज विभिन्न सामग्रीहरु अनुदानमा वितरण गरिएको छ।



कृषकहरूलाई पाँच थान मिनि टिलर, एक थान कम्बाइन मिल, एक थान पल्पिङ्ग मेसिन , १० थान टनेल प्लाष्टिक, दुई थान स्प्रेयर, तीन रोल मल्चिङ्ग प्लाष्टिक २२ जना कृषकहरूलाई एक कार्यक्रमका बीच पोखरा महानगरपालिका वडा नं १८ का वडा अध्यक्ष शिवप्रसाद तिमल्सिना, पोखरा महानगरपालिकाआर्थिकविकास महाशाखा प्रमुख मनहर कडरियाले संयुक्त रुपमा हस्तान्तरण गर्नुभएको हो। कार्यक्रममममा वडा अध्यक्ष तिमल्सिनाले प्राप्त समाग्रीहरूको अधिकतम उपयोग गर्न आग्रह गर्नुभयो।

महानगरपालिका आर्थिक विकास महाशाखाका प्रमुख कडरियाले महानगरपालिले उपलब्ध सीमित साधनस्रोतका बीच कृषकहरूलाई विभिन्न किसिमका सहयोग गरिरहेको बताउँदै त्यसको उपयोग मार्फत उत्पादन बढाउन आग्रह गर्नुभयो। वडास्तरीय कृषि संजाल १८ का अध्यक्ष बेलबहादुर थापाको अध्यक्षतामा एवम् भावना सामुदायिक कृषि सहकारी संस्थाका सचिव सुनिलकुमार थापाले सञ्चालन गर्नुभएको कार्यक्रममा वडास्तरीय कृषि संजाल १८ का सचिव खेमराज तिमिल्सीना, सहकारी संस्थाका निवर्तमान अध्यक्ष बलराम कोइराला, सहकारीका अध्यक्ष मीनबहादुर थापा लगायतले बोल्नुभएको थियो।

यस्तै केही दिन अघि पोखरा महानगरपालिका वडा नं.१८, वडास्तरीय कृषि संजाल १८ र भावना सामुदायिक कृषि सहकारी संस्थाको लागत साझेदारी तथा सहकार्यमा वडा भित्रका कृषकहरूलाई मिनि टिलर ११ वटा, कम्बाइन मिल तीन वटा, टनेल प्लाष्टिक १७ वटा, डिजिटल तराजु १३ वटा, स्प्रे १० वटा, असिना छेक्ने जाली दुई रोल, मल्चिङ्ग प्लाष्टिक छ वटा, गार्डेन पाइप ५३ वटा, क्रेट २१ वटा, फोरुवा १५ वटा, कुटो चार वटा, बाउसो छवटा, सिकेचर आठ वटा गरी १५६ जना कृषकलाई वितरण गरिसकिएको जनाइएको छ।

# ‘चौथो माछापुच्छ्रे कप’ फुटबल प्रतियोगिता वैशाख २६ बाट

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

माछापुच्छे गाउँपालिकामा स्थापित माछापुच्छे त्रिशक्ति युनाइटेड क्लब लाहाचोकको आयोजनामा चौथो माछापुच्छे कप २०८३ फुटबल प्रतियोगिता आयोजना हुने भएको छ।

माछापुच्छे गाउँपालिका वडा नं.४ को संरक्षकत्वमा हुने उक्त प्रतियोगिता वैशाख २६ देखि २९ गते सम्म लाहाचोक फुटबल मैदानमा हुने बुधवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो। युवाहरूमा खेलकुदप्रतिको रुचि अभिवृद्धि गर्दै आपसी सम्बन्ध सुदृढ बनाई खेलकुदमार्फत अनुशासन, सहकार्य र सकारात्मक सोचको विकास गर्ने उद्देश्यले यो प्रतियोगिताको आयोजना गरेको क्लबका अध्यक्ष पवन शर्मा अधिकारीले जानकारी दिए। प्रतियोगितामा माछापुच्छे त्रिशक्ति युनाइटेड क्लब, ढिकुरपोखरी युवा क्लब, सङ्गम युवा क्लब हेमजा युनाइटेड, गण्डकी प्रदेश आर्मी फुटबल टिम, विष्णुपादुका युवा क्लब, आरएस क्लब र गण्डकी प्रदेश प्रहरी फुटबल टिम गरी आठ टिमको सहभागिता रहने अधिकारीले जानकारी दिए।




प्रतियोगितामा विजेतालाई २ लाख २२ हजार २ सय २२ ट्रफी, मेडल र प्रमाण पत्र उपविजेतालाई १ लाख ५५ हजार ५ सय ५५ रुपैया ट्रफी, मेडल र प्रमाण पत्र रहेको छ। त्यस्तै विधागत तर्फ उत्कृष्ट गोलकिपर, उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता अनुशासित टिमलाई पनि आकर्षक पुरस्कारको व्यवस्था गरिएको अध्यक्ष अधिकारीले जानकारी दिए।

प्रतियोगिता सम्पन्न गर्नका लागि करिब १६ लाख ४० हजार लाग्ने र करिब १७ लाख सङ्कलन हुने अपेक्षा गरिएको छ। प्रतियोगिता अन्तर्राष्ट्रिय नियम अनुसार नकआउट प्रणालीमा सञ्चालन हुनेछ।चार वर्षपछि पुन सञ्चालन हुन लागेको यो प्रतियोगिता विदेशी खेलाडीको पनि सहभागिता हुने अपेक्षा आयोजकले गरेको छ। ‘स्थानीय स्तरका क्लब भएपनि राष्ट्रिय तथा विदेशी खेलाडी पनि समावेश गराउन पाइनेछ’ अध्यक्ष अधिकारीले भने, ‘पक्कै पनि सहभागी क्लबले आफ्नो टिमलाई मजवुद बनाउनका लागि राष्ट्रिय तथा विदेशी खेलाडी समावेश गर्नेछन्।’ माछापुच्छे गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष मधुसुदन अधिकारीले प्रतियोगिताले यो क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे। प्रतियोगिता उद्घाटनको दिन झाँकी सहितको र्‍याली निकालिने क्लबका सचिव सुशील श्रेष्ठले जानकारी दिए।

# पश्चिमाञ्चल माविमा ‘सेल्फ मेकअप’ सम्बन्धी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

गैह्रापाटनस्थित पश्चिमाञ्चल माविले तीनदिने सेल्फ मेकअप (स्किन केयर) सम्बन्धी निशुल्क तालिम दिएको छ।

माध्यमिक शिक्षा परीक्षा (एसइइ) दिएका विद्यार्थीलाई लक्षित गर्दै विद्यालयले तालिम दिएको हो। तालिममा ५० जना विद्यार्थी सहभागि थिए। तीनदिने तालिम हालै सकिएको छ।

विद्यालयका प्राचार्य सरोज कोइरालाका अनुसार पोखराकै आइरिस हेयर एण्ड ब्युटी केयर प्रालि सँगको सहकार्यमा तालिम दिइएको हो। पश्चिमाञ्चल माविमा सैद्धान्तिक र आइरिस हेयर एण्ड ब्युटी केयरमा प्रयोगात्मक अभ्यास गराइएको उनले बताए। यो तालिमले सुरुवाती चरणको सेल्फ मेकअप सम्बन्धि ज्ञान दिलाउने कोइरालाले बताए। विद्यालयका उच्च मावि संयोजक देव क्षेत्रीले सौन्दर्यताका सामाग्री कुनबेला कस्तो प्रयोग गर्ने भन्ने ज्ञान आवश्यक रहेको बताए। उनले अहिलेको सिकाईले विद्यार्थीलाई आगामि दिनमा यही क्षेत्रमा लाग्न प्रेरणा मिल्ने बताए।



एसइइपछिबालबालिकालाई कामविहीन अवस्थामा राख्नु भन्दा व्यस्त बनाउनका लागि विद्यालयले पहल थालेको उनले बताए। उनका अनुसार विद्यालयले सामाजिक उत्तरदायित्व अन्तर्गत अहिले निशुल्क तालिम दिएको हो। ‘परीक्षा दिएर बसेका भाइबहिनी अहिले कामविहीन अवस्थामा छन। सुतेर समय कटाउनु भन्दा केही सीपमुलक काम सिक्दा ठिक हुने देखेर यो प्रयास थालेका हौ,’ उनले भने।

विद्यालयका अध्यक्ष प्राडा रामनाथ ओझाका अनुसार विद्यालयले कक्षा ११ र १२ (प्लस टु) मा सौन्दर्य तथा केश कला विषयको पढाइ सुरु गर्ने योजना अनुरुप प्रशिक्षण दिएको हो। तालिमपछि सौन्दर्यताको क्षेत्रमा भविश्य देख्नेका लागि यो विषयको महत्व रहेको उनले बताए।

विस २०४९ मा स्थापना भएको पश्चिमाञ्चल माध्यमिक विद्यालयमा हाल नर्सरीदेखि १२ कक्षासम्मका कक्षाहरु सञ्चालन भइरहेका छन्। हालसम्म कक्षा ११ र १२ मा व्यवस्थापन, होटल व्यवस्थापन, विज्ञान, मानविकी र कानुन विषयको अध्ययन अध्यापन हुँदै आइरहेको छ।

आइरिस हेयर एण्ड ब्युटी केयर प्रालिकी संचालक सोनम गुरुङले ब्यूटिसियन क्षेत्रमा जो कोहीका लागि अवसर रहेको बताईन। उनले स्वदेशमा मात्र नभई विदेशमा पनि यसको महत्व रहेको जानकारी दिईन।

# पोखरा लेडि जेसिजले मल वितरणदेखि स्वास्थ्य शिविरसम्म कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

पोखरा लेडी जेसीजले युवाहरूको नेतृत्व विकास, सीप अभिवृद्धि र सामाजिक उत्तरदायित्व प्रवर्द्धन गर्ने लक्ष्यसहित ‘जेसीज सप्ताह २०२६’ आयोजना गर्ने भएको छ। ‘सीप र सेवाः सफल व्यक्ति, सुदृढ समाज’ भन्ने मूल मन्त्रका साथ सप्ताहव्यापी कार्यक्रम यही वैशाख २५ देखि ३१ गतेसम्म सञ्चालन गर्ने भएको आज( बुधबार) पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।




सार्वजनिक गरिएको कार्यक्रम तालिका अनुसार पहिलो दिन वैशाख २५ गते कन्या क्याम्पसमा उद्घाटनसँगै छात्रा लक्षित साइबर अपराध तथा बैंकिङ साक्षरता सम्बन्धी कार्यक्रम हुने भएको छ। उक्त कार्यक्रमको संयोजन सन्तोषी अर्यालले गर्नु हुने भएको छ भने दोस्रो दिन वैशाख २६ गते मादी गाउँपालिका-६ स्थित श्री महारुद्र माध्यमिक विद्यालयमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएको हो। विशेष गरी ग्रामीण बासिन्दालाई लक्षित यस शिविरमा करिब २/३ सय जनालाई सेवा दिने तयारी गरिएको संयोजन डा. नमिता अधिकारीले बताउनु भयो। तेस्रो दिन वैशाख २७ गते पोखरा-२० मा संघसंस्थाका पदाधिकारीलाई लक्षित माइन्यूट लेखन तथा वित्तीय साक्षरता तालिम सञ्चालन हुने छ। चौथो दिन वैशाख २८ गते पोखरा-१९ मा कृषक लक्षित कृषि स्वास्थ्य सचेतना तालिम तथा मल वितरण कार्यक्रम आयोजना हुने छ।

पाँचौं दिन वैशाख २९ गते पोखरा-३० मा संघसंस्थाका कोषाध्यक्ष तथा सचिव लक्षित विद्यालय पोशाक वितरण गरिनेछ भने सोही दिन आर्थिक रूपमा कमजोर विद्यार्थीका लागि लेखा व्यवस्थापन तथा उद्घोषण तालिम पनि सञ्चालन हुने छ। छैटौं दिन वैशाख ३० गते पोखरा-२५ मा जनसमुदाय लक्षित प्रजनन स्वास्थ्य तथा बाँझोपन सम्बन्धी सचेतना तथा निःशुल्क शिविर आयोजना गरिनेछ। सप्ताह कार्यक्रमको समापन वैशाख ३१ गते सरोकारवालाको सहभागितामा गरिने छ। कार्यक्रमका मूल संयोजक विनिता केसीले सप्ताहभरि सञ्चालन हुने गतिविधिहरूले सीप विकास, स्वास्थ्य सचेतना, वित्तीय ज्ञान विस्तार तथा सामुदायिक सशक्तीकरणमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो। संस्थाकी अध्यक्ष सुनिता गौतम भण्डारीले कार्यक्रम सफल बनाउन सबै सरोकारवाला निकाय तथा सर्वसाधारणलाई सक्रिय सहभागिताको आह्वान गर्नुभयो। वि.सं. १९८९ मा स्थापना भएको पोखरा लेडी जेसीज १८ देखि ४० वर्ष उमेर समूहका महिलाहरूको संस्था हो, जसले नेतृत्व विकाससँगै समुदायमा प्रत्यक्ष योगदान पुर्‍याउँदै आएको छ। सप्ताहव्यापी कार्यक्रम सञ्चालनका लागि करिब ११ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान गरिएको महासचिव सृजना आले (ईसा) ले बताउनु भयो।

# नि:शुल्क आँखा शिविरबाट ४३० जना लाभान्वित

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ बैशाख

म्याग्दी, २३ वैशाख : यहाँको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा आज सम्पन्न निःशुल्क आँखा उपचार शिविरबाट ४३० जना लाभान्वित भएका छन्।

अन्नपूर्ण गाउँपालिका-४ नम्बर वडा कार्यालय, लायन्स क्लबको पोखरा आँगन र लेकसिटीको संयुक्त आयोजना तथा हिमालयन आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा दुई दिनसम्म शिविर सञ्चालन भएको थियो। शिविरमा १० जना मोतियाविन्दुका बिरामीको शल्यक्रिया गरिएको अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर फगामीले जानकारी दिनुभयो। नारच्याङ, घार र दोवाका बासिन्दाहरूले सेवा लिएका हुन्। हिमालयन आँखा अस्पताल पोखराका नेत्र चिकित्सक डा ज्योत्स्ना शर्माको नेतृत्वमा रहेको स्वास्थ्यकर्मीको टोलीले सेवा प्रदान गरेको थियो। आँखा परीक्षण, शल्यक्रिया, परामर्श, औषधि र चश्मा वितरणसम्बन्धी सेवा निःशुल्क उपलब्ध गराएको नारच्याङका वडासदस्य श्याम पुर्जाले बताउनुभयो।

मोतियाविन्दुको शल्यक्रियापश्चात् गुमेको ज्योति फर्किएकोमा सेवाग्राहीहरूले खुसी व्यक्त गरेका छन्। गाउँमै मोतियाविन्दुकोशल्यक्रियासम्बन्धी सुविधा पाउँदा पोखरा जान आउन लाग्ने समय र खर्चको बचत भएको सर्वसाधारणको भनाइ छ।

# नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीको घोषणा

**रासस**
काठमाडौं, २३ बैशाख

नेपाल क्रिकेट सङ्घ (क्यान) ले एसिया खेलकुद छनोट तथा एसिसी महिला प्रिमियर कपका लागि बुधबार नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरेको छ।

क्यानले १४ सदस्यीय नेपाली महिला खेलाडीको नाम सार्वजनिक गरेको हो। वैकल्पिकमा भने चार जना छन्।

टोलीको कप्तानी इन्दु बर्माले गर्नेछिन् भने उपकप्तानको जिम्मेवारी पूजा महतोले सम्हाल्नेछिन्। सो टोलीमा विन्दु रावल, सम्झना खड्का, रुवी पोद्दार, कविता जोशी, कविता कुँवर, रिया शर्मा, सीता राना मगर, अनु कडायत, मनीषा उपाध्याय, रुविना क्षेत्री, सोनी पाख्रिन र सीमा केसी समावेश छन्।

त्यसैगरी वैकल्पिक खेलाडीका रूपमा सावित्री धामी, सोमु विष्ट, सना प्रवीण र लक्ष्मी साउदलाई राखिएको क्यानले जनाएको छ। मलेसियामा हुने एसियन गेम्स छनोट मे २३ देखि ३१ तारिखसम्म हुँदैछ भने प्रिमियर कप आगामी जुन १ देखि १३ सम्म हुनेछ।

## जातीय भेदभाव उन्मूलन गरौं।

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं, सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं। जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि


डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि


डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# पोखराले पाएको निजी क्षेत्रको नेतृत्व

६ दशककइतिहास बोकेको निजी क्षेत्रको एक छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई)को नेतृत्व अब पोखराका ञ्जन श्रेष्ठले हाक्ने भएका छन् । यससँगै उनी महासंघको २१औं अध्यक्ष बनेका छन दुशकको इतिहास बोकेको निजी क्षेत्रको एक छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) को नेतृत्व अब अञ्जन श्रेष्ठले हाक्ने भएका छन् । यससँगै उनी महासंघको २१औं अध्यक्ष बनेका हुन् । महासंघको पहिलो अध्यक्ष लोकनाथ जोशी थिए । उनले वि.सं २०२२ देखि २०२४ सालसम्म अध्यक्षको कार्यभार सम्हालेका थिए । उनीसँगै २० जना अध्यक्षबाट महासंघको नेतृत्व भइसकेको छ । नेपालको निजी क्षेत्रको छाता संगठन, नेपाल उद्योग वाणिज्य महासंघको तीन वर्षसम्मको नेतृत्व अब अञ्जन श्रेष्ठले नै गर्नेछन् ।

यसअघि उनी २०८० वैशाखमा वरिष्ठ उपाध्यक्ष पदमा निर्वाचित भएका थिए । श्रेष्ठले महासंघको अध्यक्ष बन्नुअघि विभिन्न महत्वपूर्ण जिम्मेवारीहरू कुशलतापूर्वक निर्वाहु गरिसकेका छन् । उनी नाडा अटोमोबाइल्स एशोसिएसन अफ नेपालको पूर्वअध्यक्ष पनि हुन् । यससँगै, महासंघमा प्रवेश गरेको करिब साढे दुई दशकमा वस्तुगत उपाध्यक्ष र कार्यकारिणी सदस्यका रूपमा लामो समय क्रियाशी निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले तीनवर्ष कार्यकाल पूरा गरेसँगै ६०औं वार्षिक साधारणसभा तथा अधिवेशनले नयाँ कार्यसमितिसहित अध्यक्षको नेतृत्व श्रेष्ठले पाएका हुन् । महासंघमा यसअघि रहेका वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने प्रावधान यो नै अन्तिम हो । तर अब वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ स्वतः अध्यक्ष बनेपछि यो प्रावधान खारेज हुनेछ । यसपछिको अर्को कार्यसमितिमा स्वतः अध्यक्ष हुने व्यवस्था गतवर्ष नै विधान संशोधनमार्फत हटाइएको थियो । महासंघको संशोधित विधानले वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष बन्दाको कार्यकाल हालसम्मलाई तीनवर्ष रहने छ । तर, यसपछिको प्रतिस्पर्धाबाट चयन भएका अध्यक्षको कार्यकाल दुईवर्षको हुनेछ ।

यसपटक श्रेष्ठ आफू प्रत्यक्ष निर्वाचनमा प्रतिस्पर्धा गर्नु परेन । तर उनले आफ्नो समर्थनको प्यानल खडा गरे । उनको प्यानलले वस्तुगत उपाध्यक्ष र केही सदस्यबाहेक सबै पदमा बर्चस्व कायम गरेको छ । यसले उनको कार्यकाल सहज हुने देखिन्छ । महासंघको पहिलो अध्यक्ष लोकनाथ जोशी थिए । उनले वि.सं २०२२ देखि २०२४ सालसम्म अध्यक्षको कार्यभार सम्हालेका थिए । उनीसँगै २० जना अध्यक्षबाट महासंघको नेतृत्व भइसकेको छ । नेपालको निजी क्षेत्रको छाता संगठन, नेपाल उद्योग वाणिज्य महासंघको तीन वर्षसम्मको नेतृत्व अब अञ्जन श्रेष्ठले नै डडगर्नेछन् । यसअघि उनी २०८० वैशाखमा वरिष्ठ उपाध्यक्ष पदमा निर्वाचित भएका थिए । श्रेष्ठले महासंघको अध्यक्ष बन्नुअघि विभिन्न महत्वपूर्ण जिम्मेवारीहरू कुशलतापूर्वक निर्वाह गरिसकेका छन् । उनी नाडा अटोमोबाइल्स एशोसिएसन अफ नेपालको पूर्वअध्यक्ष पनि हुन् । यससँगै, महासंघमा प्रवेश गरेको करिब साढे दुई दशकमा वस्तुगत उपाध्यक्ष र कार्यकारिणी सदस्यका रूपमा लामो समय क्रियाशील रहे । निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले तीनवर्ष कार्यकाल पूरा गरेसँगै ६०औं वार्षिक साधारणसभा तथा अधिवेशनले नयाँ कार्यसमितिसहित अध्यक्षको नेतृत्व श्रेष्ठले पाएका हुन् । महासंघमा यसअघि रहेका वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने प्रावधान यो नै अन्तिम हो । तर अब वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठ स्वतः अध्यक्ष बनेपछि यो प्रावधान खारेज हुनेछ । यसपछिको अर्को कार्यसमितिमा स्वतः अध्यक्ष हुने व्यवस्था गतवर्ष नै विधान संशोधनमार्फत हटाइएको थियो । महासंघको संशोधित विधानले वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष बन्दाको कार्यकाल हालसम्मलाई तीनवर्ष रहने छ । तर, यसपछिको प्रतिस्पर्धाबाट चयन भएका अध्यक्षको कार्यकाल दुईवर्षको हुनेछ ।

यसपटक श्रेष्ठ आफू प्रत्यक्ष निर्वाचनमा प्रतिस्पर्धा गर्नु परेन । तर उनले आफ्नो समर्थनको प्यानल खडा गरे । उनको प्यानलले वस्तुगत उपाध्यक्ष र केही सदस्यबाहेक सबै पदमा बर्चस्व कायम गरेको छ । यसले उनको कार्यकाल सहज हुने देखिन्छ । लगानीको सुरक्षाका र लगानी मैत्री वातावरण बनाउन मेहनत गर्नुपर्नेछ । समाजमा व्यवसायी र उध्यमीलाई हेर्ने दृष्टिकोण फेर्न सकेमा वल्ल देश विकास अगाडि बढ्छ।अन्जनले व्यवसायीलाई सामान्ती देख्ने सोच परिवर्तन गर्न लाग्ने अठोट पूरा हुन सकेमा नीजि क्षेत्र सम्मानित हुनेछ।पोखराबाट नेपालको निजी क्षेत्रको छाता संगठनको नेतृत्व गर्ने अवसर पहिला आनन्द राज मुल्मीले गरेका थिए ।उनले केही मानक कायम गरेका थिए भ्याट लागू गर्ने , व्यावसायिक आचारसंहिता पालना गर्ने र निजी क्षेत्रले पनि नीतिगत सुधारमा नेतृत्व गर्न सक्छ भन्ने उदाहरण मुल्मी बनेका छन।अन्जनले पनि अग्रजको बाटोमा हिड्ने प्रयास गरेमा नेपाल उद्योग वाणिज्य महासंघ निजी क्षेत्रको मात्र होइन देश विकासका लागि सारथि बन्नेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# छैटौ माउन्ट अन्नपूर्ण एसईई स्पोट्स फेष्ट शुरु

पोखरापत्र संवाददाता
पोखरा, २३ बैशाख




छैटौ माउन्ट अन्नपूर्ण एसईई स्पोट्स फेष्ट बुधवारबाट शुरु भएको छ । पोखरा ३ नदिपुर भिसि मार्गमा रहेको बिद्यालयले एसइई परीक्षा दिएर बसेका विद्यार्थीहरूको खाली समयलाई रचनात्मक र सिर्जनात्मक रूपमा सदुपयोग गर्ने उद्देश्यले छैटौ माउन्ट अन्नपूर्ण एसईई स्पोट्स फेष्ट आयोजना गरेको हो ।

प्रतियोगिताको पहिलो दिन बुधवार छात्र भलिवल,छात्र छात्रा बाष्केटबलका खेलहरु भएको बिद्यालयका प्रिन्सिपल सइन्द्रराज श्रेष्ठले बताए । खेल अन्तरगर्त छात्र भलिवल तर्फ टिम कोब्रा, श्री राजस्थल,म्याग्दी घारा,निष्पक्ष मावि,टिम शिवालयले पहिलो जित हासिल गरेका हुन्। त्यस्तै छात्र बाष्केटबल तर्फ टिम काफल डाडा, रघुगंगा बि,रघु गंगा एले पहिला जित हासिल गर्दा छात्रा तर्फ नेश्नल इन्भेन्टिभले पहिलो जित हासिल गरेको इसिए डाइरेक्टर तेज बहादुर गुरुङले बताए । बैशाख २५ गते सम्म सञ्चालन हुने फेष्टमा छात्र,छात्रा बस्केटबल,भलिवल र टेवल टेनिसका खेल सञ्चालन हुनेछन् । बास्केटबल छात्रतर्फको विजेताले ३० हजार र उपविजेताले २० हजार रुपैयाँ प्राप्त गर्नेछन् भने छात्रा तर्फको बिजेताले क्रमशः १५ हजार र १० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । त्यस्तै छात्र भलिवल तर्फ प्रथम पुरस्कार २० हजार र द्वितीय १० हजार रुपैयाँ रहेको छ भने छात्रातर्फ क्रमशः १२ हजार र ८ हजार रुपैयाँ पुरस्कार राखिएको छ । त्यस्तै टेवल टेनिस तर्फ छात्र तथा छात्रा एकल विधामा प्रतिस्पर्धा हुनेछ, जहाँ विजेताले ५ हजार र उपविजेताले ३ हजार पुरस्कार प्राप्त गर्ने इसिए डाइरेक्टर गुरुङले बताए । विद्यालयका अनुसार, प्रतियोगितामा सहभागी हुने सबै विद्यार्थीहरू २०८२ सालको एसइई परीक्षा दिएर बसेका हुनु पर्नेछ । प्रतियोगिताको मूल उद्देश्य विद्यार्थीहरूलाई खेलकुदमार्फत अनुशासन, सहकार्य, आत्मविश्वास र स्वस्थ प्रतिस्पर्धाको भावना विकास गराउनु रहेको प्रशासक चित्र गुरुङले बताए । गण्डकी प्रदेशकै पहिलो निजी तहबाट सञ्चालित विद्यालयको रुपमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयले बिगत १७ बर्ष देखि म्यानेजमेन्ट,होटल म्यानेजमेन्ट र माउंटेनियरिंङ बिषयमा कक्षा १२ सम्म पढाई हुदै आइरहेको छ ।

# म्याग्दीको वाखेतमा सडक स्तरोन्नति

पोखरापत्र संवाददाता
म्याग्दी, २३ बैशाख

म्याग्दीको बेनी नगरपालिका-१० पात्लेखेतको वाखेतमा पक्की सडक निर्माण भएको छ । स्थानीय पूर्वाधार आयोजना पोखराले पात्लेखेतको गहतेचोकदेखि राम्जाली मन्दिर खण्डमा ढलान गरेर सडकलाई पक्की बनाएको हो ।

विसं २०६६ मा मार्ग खुलेको सडक १६ वर्षपछि पक्की भएको हो । पक्की सडक बनेपछि स्थानीयवासी उत्साही भएका छन् । आवतजावत सहज भएको वाखेतका बासिन्दा अर्जुन पुनले बताउनुभयो । "साँघुरो र कच्ची सडकमा यात्रा गर्न असहज भएको थियो", उहाँले भन्नुभयो, "सडक ढलान भएपछि यात्राअवधि छोटिनुका साथै सहज भएको छ ।" यसअघि २० मिनेट लाग्ने यात्राअवधि पाँच मिनेटमा छोटिएको उहाँले बताउनुभयो ।

वाखेत-टोड्के सडक स्तरोन्नति योजना निर्माणका लागि गत माघ १० गते दुप्चेश्वर शुभम् बिल्डर्सले रु दुई करोड ३६ लाख २३ हजार १५२ मा ठेक्का सम्झौता गरेको थियो । एक किलोमिटर ७०० मिटर सडक स्तरोन्नति गर्ने आगामी असार ३० गतेसम्म ठेक्काको म्याद रहेको योजना निर्माण कम्पनीले लक्ष्यभन्दा दुई महिनाअघि नै सम्पन्न गरेको हो । निर्माण कम्पनीका सञ्चालक सुवासचन्द्र कार्कीले सम्झौतालगत्तै उपकरण र मजदुर परिचालन तथा निर्माण सामग्रीको व्यवस्थापन गरेर इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुद लक्ष्यअघिनै काम सम्पन्न गरेको बताउनुभयो ।

निर्माण सकिए पनि प्राविधिक नापजाँच र भुक्तानीको काम बाँकी रहेको उहाँले बताउनुभयो । तीन दशमलब पाँचदेखि चार मिटर फराकिलो सडकमा ढलान गरेर पक्की बनाइएको छ । सडक स्तरोन्नति भएपछि स्थानीयबासीका साथै टोड्के आवछजावात गर्ने पर्यटकलाई सहज भएको बेनी नगरपालिका-१० का वडासदस्य बेगम पाइजाले बताउनुभयो । राम्जाली चोकदेखि बराहथान हुँदै टोड्के जोड्ने बाँकी खण्डको सडक स्तरोन्नतिका लागि योजनाको निरन्तरता दिन वाखेतवासीले माग गरेका छन् ।

# एक वर्षमा छ वटा पाटेबाघ मरे

पोखरापत्र संवाददाता
चितवन, २३ बैशाख

चितवन राष्ट्रिय निकुञ्जमा चालु आर्थिक वर्षमा छ वटा पाटेबाघ मृत फेला परेका छन् । सोमबार निकुञ्ज क्षेत्रको सिजीघाट नजिकबाट अन्दाजी दुई वर्षको भालेबाघ मृत भेटिएसँगै मरेका बाघको सङ्ख्या छ पुगेको हो । बाघको आक्रमणबाट सो बाघ मरेको निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्ष मृत भेटिएका बाघमध्ये दुई वटा भाले, तीन वटा पोथी र एउटाको पहिचान हुन सकेको छैन । मृत भेटिएका बाघमध्ये दुई वटा जुधेर मरेका हुन् । तीन वटा उद्धार गरिराखेको अवस्थामा मरेका हुन् भने एउटा प्राकृतिक कारणले मरेको उहाँले जानकारी दिनुभयो । अघिल्लो गणनाअनुसार यस निकुञ्जमा १२८ वटा बाघ रहेका थिए । यस वर्ष गरिएको गणनाको नतिजा सार्वजनिक गरिएको छैन ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७, छत्रेढुङ्गा भित्री बाटो स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः छत्रेढुङ्गा भित्री बाटो स्तरोन्नति
ठेगानाः पोखरा-२७
योजना सम्झौता मिति : २०८२/१२/३० गते
योजना सुरु मितिः २०८३/०१/०२ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८३/०१/२० गते
योजनाको कुल लागतः रु.८,००,०००।-
(५०/५०% लागत साझेदारी)
महानगरपालिकाबाटः रु. ४,००,०००।-
जनसहभागिताबाटः रु. ४,००,०००।-
उपभोक्ता समिति अध्यक्षः सम्झना पराजुली क्षेत्री लौडारी
सम्पर्क नं.: ९८४६७३५९४०
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ५ पुरुषः २ जना

**छत्रेढुङ्गा भित्री बाटो स्तरोन्नति उपभोक्ता समिति**
पोखरा–२७, कास्की

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२, माछापोखरी कालिका मार्ग नाला निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः कालिका मार्ग नाला निर्माण
ठेगानाः पोखरा-१२, माछापोखरी
योजना सम्झौता मिति : २०८२/१२/०४ गते
योजना सुरु मितिः २०८२/१२/०८ गते
योजना सम्पन्न मितिः २०८३/०१/१५ गते
योजनाको कुल लागतः रु.६,३४,१५९.७७।-
महानगरपालिकाबाटः रु. ५,७०,४२६.७१।-
जनसहभागिताबाटः रु. ६३,७३३.०६।-
उपभोक्ता समिति अध्यक्षः रेशम नेपाली
सम्पर्क नं.: ९८०३४०६०५६
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**कालिका मार्ग नाला निर्माण उपभोक्ता समिति**
पोखरा–१२, माछापोखरी

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ रतन पाण्डेदेखि गाईपानीसम्म सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।
योजनाको नाम : रतन पाण्डेदेखि गाईपानीसम्म सडक स्तरोन्नती
उपभोक्ता समितिको नाम : रतन पाण्डेदेखि गाईपानीसम्म सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-१३, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८२/०९/०६
योजना सुरु मिति : २०८२/०९/०७
योजना सम्पन्न हुने मिति : २०८२/११/३०
महानगरपालिकाबाट : रु. १८,००,०००/-
जनसहभागिता : रु. २,००,०००/-
योजनाको कुल लागत : रु. २०,००,०००/-

**लक्ष्मण विश्वकर्मा**
अध्यक्ष
रतन पाण्डेदेखि गाईपानीसम्म सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-१३, कास्की

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८३/०१/२४)

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३१ बेगनासमा पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयद्वारा पञ्चभैया बसपार्क निर्माणको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा पोखरा महानगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७९ प्रयोजनार्थ सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना स्थलमा मिति २०८३/१/२९ गते मंगलबारका दिन बिहान ८:३० बजे सरोकारवालाहरुको उपस्थितिमा हुन गहिरहेको हुँदा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

आयोजक
**पोखरा महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
कास्की जिल्ला, गण्डकी प्रदेश

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८३/०१/२४)

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं.१० मा २५ शैय्या क्षमतामा सञ्चालनरत पार्कल्याण्ड हस्पिटललाई पोखरा महानगरपालिका, वडा नं.१२ मा स्थानान्तरण गरी २५ शैय्या क्षमतामा निर्माण तथा सञ्चालन गर्ने सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन तयारीको क्रममा गण्डकी प्रदेश सरकार, प्रदेश वातावरण संरक्षण नियमावली, २०७९ नियम ७ को प्रयोजनार्थ सार्वजनिक सुनुवाई कार्यक्रम हस्पिटल निर्माण स्थलमा मिति २०८३/१/२९ गते मंगलबारका दिन दिउँसो १:०० बजे सरोकारवालाहरुको उपस्थितिमा हुन गहिरहेको हुँदा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

आयोजक
**पार्कल्याण्ड हस्पिटल प्रा.लि.**
पोखरा महानगरपालिका वडा नं १०, पोखरा, कास्की
फोन नं.: ०६१-४३१८३०

